NEPALI
श्री Diijon DaCosta, Sr., *समितिका अध्यक्ष*
सुश्री Deirdre P. Pierce, *उपाध्यक्ष*
श्रीमती Anna Hill
श्रीमती Whitney McGinniss
सुश्री Allyson Gevertz
श्रीमती Vickie B. Turner
डा. Joyce Morley

DeKalb County School District

डा. Devon Q. Horton, *सुपरिटेन्डेन्ट*

**तत्काल प्रकाशन गर्न मिल्ने**

बिहीवार, फेब्रुअरी 29, 2024

**सम्पर्क:**
Donald Porter, *Ed.D.* 678-481-4110
Carla Parker 404-734-1717

# GaDOE ले DCSD का 18 विद्यालयहरूलाई एडभान्स्ड प्लेसमेन्ट हेनर्सको मान्यता दिएको छ

(STONE MOUNTAIN, GA) – DeKalb County School District (*DCSD*) का Eighteen (18) उच्च विद्यालयहरूले 2024 को एडभान्स्ड प्लेसमेन्ट हेनर्सको मान्यता पाएका छन् । State School को सुपरिवेक्षक Richard Woods ले फेब्रुअरी 27 मा यी सम्मानहरू घोषणा गर्नुभयो।

2024 कि AP हेनर्स स्कूलहरूलाई 2023 AP का पाठ्यक्रम र परीक्षाहरूको परिणामहरूको आधारमा आठ वटा श्रेणीहरूमा नामाङ्कित गरिएको छ। श्रेणीहरूको सूची तल छ र प्रत्येक श्रेणीमा भएका विद्यालयहरूको पूरा सूची विवरणसँग जोडिएको छ।

"हामी यी विद्यालयहरूमाथि गर्व गर्छौं किनभने यी विद्यालयहरू हाम्रा विद्यार्थीहरूले प्राप्त गर्ने शैक्षिक रूपमा ठोस् शिक्षणका प्रमाणहरू हुन्," सुपरिन्टेन्डेन्ट डा. Devon Q. Horton ले भन्नुभयो । यी मान्यताहरूले प्रत्येक विद्यार्थीले एडभान्स्ड प्लेसमेन्टका पाठ्यक्रमहरूको अवसर तथा पहुँच प्राप्त गर्छन् भनेर सुनिश्चित गर्ने डिस्ट्रिक्टको प्रतिबद्धतालाई अझ राम्रोसँग चित्रण गर्दछ, र हामी उनीहरूको उपलब्धिबाट खुसी छौं ।

Georgia Department of Education (*GaDOE*) ले 2008 देखि AP हनर्स स्कूलहरूको मान्यता दिन थालेको थियो । AP परीक्षाहरू कलेज बोर्डद्वारा सञ्चालन गरिन्छ, जसले SAT को परीक्षा पनि सञ्चालन गर्छ । AP पाठ्यक्रमहरू जर्जियाका विद्यार्थीहरूले हाइ स्कूलको स्तरमा कलेज स्तरको अध्ययन पहुँच गर्न सक्ने विभिन्न तरिकाहरूमध्ये एक हो; AP परीक्षामा 3, 4 वा 5 प्राप्त गर्ने विद्यार्थीहरूले कलेजको क्रेडिट प्राप्त गर्न सक्छन्।

"म 2024 का AP हेर्नस स्कूलहरूलाई हार्दिक बधाई दिन चाहन्छु," सुपरिन्टेन्डेन्ट Richard Woods ले भन्नुभयो । "म प्रभावकारी एडभान्स्ड प्लेसमेन्ट कार्यक्रमहरू निर्माण गर्ने उनीहरूको कडा परिश्रम र परिणाम स्वरूप, जर्जियाका विद्यार्थीहरूका लागि उच्च-गुणस्तरका अवसरहरू प्रदान गरेकोमा प्रशंसा गर्दछु । यसका अतिरिक्त, म हरेक वर्ष AP हेनर्स स्कूलहरू र स्कूल डिस्ट्रिक्टहरूको संख्या बढ्दै गएकोमा हर्षित छु - जुन Georgia का सबै विद्यार्थीहरूका लागि अवसरहरू विस्तार गर्ने Georgia को सार्वजनिक शिक्षाको प्रतिबद्धताको प्रमाण बनेको छ ।।"

यहाँ श्रेणीअनुसार DCSD को AP Honor Schools को सूची प्रदान गरिएको छ:

**<u>AP Access and Support Schools (पहुँच तथा सहयोगी विद्यालयहरू)</u>**
यस्ता विद्यालयहरू जसमा अफ्रिकी अमेरिकी र/वा हिस्पेनिक (न्यूनतम 16 विद्यार्थीहरू) भनेर चिनिने विद्यार्थीहरूले कम्तीमा 30% AP परीक्षाहरू दिएका हुन्छन् र सबै AP परीक्षामा 30% ले 3 वा सोभन्दा माथिको अंक ल्याएका हुन्छन् । कम्तीमा 25 परीक्षाहरू सञ्चालन गरिनु पर्दछ ।

- **Cross Keys, DeKalb Early College Academy, DeKalb School of the Arts, Tucker**

-थप-

**चुनौती भएका AP विद्यालयहरू**
900 वा सोभन्दा कम विद्यार्थी भर्ना भएका, अंग्रेजी, गणित, विज्ञान र सामाजिक अध्ययन विषयको परीक्षा सञ्चालन गर्ने, र न्यूनतम रूपमा जम्मा 25 परीक्षाहरू सञ्चालन गर्ने विद्यालय ।

- **DeKalb School of the Arts, Towers**

**विस्तार भइरहेका AP विद्यालयहरू**
मे 2022 देखि May 2023 सम्म AP को विद्यार्थी सहभागितामा 25% वृद्धि हासिल गरेका र मे 2022 मा कम्तीमा 25 विद्यार्थीहरूको परीक्षा लिएका विद्यालयहरू

- **Arabia Mountain, Clarkston, Columbia, Cross Keys, DeKalb Early College Academy, Lithonia, McNair, Redan, Stephenson, Tapestry Public Charter School, Towers, Tucker**

**AP मानविकी विद्यालयहरू**
निम्न AP शीर्षकहरू मध्ये प्रत्येकमा कम्तीमा पाँच परीक्षाहरू सञ्चालन गर्ने विद्यालय: ELA को एक पाठ्यक्रम, सामाजिक अध्ययनका दुई पाठ्यक्रमहरू, ललित कलाको एक पाठ्यक्रम, र विश्व भाषाको एक पाठ्यक्रम, न्यूनतम रूपमा जम्मा 25 परीक्षाहरू सञ्चालन गर्ने विद्यालय ।

- **Chamblee, Cross Keys, Lakeside**

**मानविकीमा उपलब्धि हासिल गरेका AP विद्यालयहरू**
सबै AP मानविकी परीक्षाहरूको कम्तीमा पनि 50% भएका AP Humanities schools (माथिको परिभाषा हेर्नुहोस्) ले 3 वा सोभन्दा बढी स्कोर आर्जन गर्छन्।

- **Chamblee, Cross Keys, Lakeside**

**AP विशिष्ट विद्यालयहरू**
कुल विद्यार्थी सङ्ख्याको कम्तीमा 20% विद्यार्थीहरू AP परीक्षाहरूमा सहभागी भएका र AP को 50% परीक्षाहरूमा कम्तीमा 3 वा माथिको अङ्क ल्याएका विद्यालयहरू ।

- **Chamblee, DeKalb School of the Arts, Druid Hills, Dunwoody, Lakeside**

**AP STEM विद्यालयहरू**
कम्तीमा चार AP STEM पाठ्यक्रमहरू, AP क्याल्कुलस AB, AP क्याल्कुलस BC, AP तथ्याङ्क, AP जीवविज्ञान, AP रसायन विज्ञान, AP पर्यावरण विज्ञान, AP भौतिक विज्ञान 1, AP भौतिक विज्ञान 2, AP भौतिक विज्ञान C, AP कम्प्युटर विज्ञान A, AP कम्प्युटर विज्ञानका सिद्धान्तहरूमा परीक्षा दिने पाँच विद्यार्थीहरू भएको र न्यूनतम रूपमा 25 परीक्षाहरू सञ्चालन गर्ने विद्यालय ।

- **Arabia Mountain, Chamblee, Clarkston, Cross Keys, Druid Hills, Dunwoody, Lakeside, Southwest DeKalb, Tucker**

**STEM मा उपलब्धि हासिल गरेका विद्यालयहरू**
AP STEM का सबै परीक्षाहरू मध्ये कम्तीमा 50% परीक्षाहरूमा 3 वा माथिको अङ्क ल्याउने AP STEM विद्यालयहरू (माथिको परिभाषा हेर्नुहोस्)

- **Chamblee, Druid Hills, Dunwoody**

XXX